# FY18 अभिभावक तथा परिवार संलग्नता योजना
# DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट स्तर
# शैक्षिक सत्र 2017-2018

## संशोधन मिति: सेप्टेम्बर 20, 2017

विद्यार्थीको शैक्षिक उन्नतीको सुदृढीकरणका लागि सहयोग स्वरूप, **DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले** Title I, Part A नामक आर्थिक सहयोग प्राप्त गर्छ र त्यसैले डिस्ट्रिक्टले अनिवार्य रूपमा सहभागी बालबालिकाहरूका अभिभावक तथा परिवारका सदस्यहरूसँग मिलेर Every Student Succeeds Act (ESSA) को धारा 1116(a) (2) ले आवश्यकता जनाउने जानकारी समावेश भएको लिखित अभिभावक तथा परिवार संलग्नता नीतिको विकास गरी, त्यसमा सहमति जनाई सबै जनालाई उक्त नीतिको एउटा प्रति बाँड्नु पर्दछ। यस नीतिले अभिभावक तथा परिवारको सार्थक संलग्नताका लागि स्थानीय शैक्षिक निकाय (LEA) का मापदण्ड र उद्देश्यहरू स्थापित गरी ती स्थानीय शैक्षिक निकायले विभिन्न अभिभावक तथा परिवार संलग्नता कार्यक्रमहरूलाई कसरी कार्यान्वयन गर्नेछन् भन्ने कुराको व्यख्या गर्दछ, र यो नीति जर्जिया शिक्षा विभागलाई पेश गरिएका स्थानीय शैक्षिक निकायका योजनामा सम्मिलित गरिएको हुन्छ।

**DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले धारा 1116 मा उल्लिखित निम्न मापदण्डहरूलाई कार्यान्वयनमा ल्याउन सहमति जनाएको छ:**

- स्कूल डिस्ट्रिक्टले आफ्ना सबै Title I, Part A सहितका स्कूल कार्यक्रमहरूमा अभिभावक तथा परिवारको संलग्नताका लागि कार्यक्रम, गतिविधि, तथा कार्यविधिहरूलाई सञ्चालनमा ल्याउनेछ। सहभागी बालबालिकाहरूका अभिभावक तथा परिवारका सदस्यहरूसँगको सार्थक परामर्श पश्चात् यी कार्यक्रम, गतिविधि, तथा कार्यविधिहरूको योजना बनाई सञ्चालन गरिनेछन्।

- धारा 1116 अनुरूप, स्कूल डिस्ट्रिक्टले स्कूल-स्तरीय आवश्यक अभिभावक तथा परिवार संलग्नता नीतिहरूले धारा ESSA को धारा 1116(b) का मापदण्डहरू पूरा गर्नेछन् भनी सुनिश्चित गर्न आफ्ना स्कूलहरूसँग मिलेर काम गर्नेछ र हरेक स्कूलमा यसकै एउटा हिस्साको रूपमा ESSA को धारा 1116(d) अनुरूप स्कूल र अभिभावक बीच एउटा सम्झौता हुनेछ।

- सम्भव भएसम्म Title I, Part A अभिभावक तथा परिवार संलग्नताका मापदण्डहरू स्थापित गर्दा, स्कूल डिस्ट्रिक्ट र यस अन्तर्गतका स्कूलहरूले अंग्रेजीमा सीमिति निपुणता भएका, सीमित साक्षरता भएका, अपाङ्गता भएका, प्रवासी बालबालिकाहरूका, आर्थिक अवस्था कमजोर भएका, वा कुनै पनि जातीय अल्पसङ्ख्यकको पृष्ठभूमिका अभिभावकहरूलाई सहभागी हुने पूर्ण अवसरहरू प्रदान गर्नेछन्, साथसाथै ESSA को धारा 1111 अन्तर्गत रहेर अभिभावकले बुझ्ने भाषामा सजिलै बुझ्न सकिने र एक समान ढाँचामा, र अनुरोध गरिएमा सम्भव भएसम्म वैकल्पिक ढाँचाहरूमा विभिन्न जानकारी र स्कूलका रिपोर्टहरू प्रदान गर्नेछन्।

- यदि ESEA को धारा 1112 अन्तर्गत स्थानीय शैक्षिक निकायले बनाएको Title I, Part A को योजना सहभागी बालबालिकाहरूका अभिभावकका लागि सन्तोषजन छैन भने, स्कूल डिस्ट्रिक्टले योजना पेश गर्दा योजना सहित अभिभावकका कुनै पनि प्रतिक्रियाहरूलाई राज्यको शिक्षा विभागमा पेश गर्नेछ।

- स्कूल डिस्ट्रिक्टका लागि अभिभावकीय संलग्नताको निम्न परिभाषा लागू हुनेछ र यसका Title I आर्थिक सहयोग पाउने स्कूलहरूले ESSA को धारा 8101 मा रहेको यसको परिभाषा अनुसार कार्यक्रम, गतिविधि, तथा कार्यविधिहरू सञ्चालन गर्नेछ भन्ने अपेक्षा गरिन्छ:

अभिभावकीय संलग्नता भन्नाले विद्यार्थीको शैक्षिक सिकाई र स्कूलका अन्य गतिविधिहरूमा अभिभावकहरूको नियमित, दुईतर्फी, र अर्थपूर्ण सञ्चारमा सहभागीता भन्ने बुझिन्छ, उक्त सहभागीताले:

(क) अभिभावकहरूले आफ्नो बच्चाको अध्ययनमा अत्यन्तै महत्वपूर्ण भूमिका खेलेका छन्,
(ख) अभिभावकहरूलाई आफ्नो बच्चाको स्कूलको शिक्षामा सक्रिय भएर सहभागी हुन प्रोत्साहित गरिएको छ,
(ग) अभिभावकहरू आफ्नो बच्चाको शिक्षाका पूर्ण साझेदार हुन् र उनीहरूलाई आफ्ना बालबालिकाहरूको शिक्षामा सहायता गर्दा उपयुक्त भएसम्म निर्णय प्रक्रिया र सल्लाहकार समितिमा सामेल गरिएको छ,
(घ) ESEA को धारा 1116 मा व्याख्या गरिएका अन्य गतिविधिहरू सञ्चालन गरिएका छन् भन्ने कुर सुनिश्चित गर्दछ,

**डिस्ट्रिक्टले आवश्यक LEA को अभिभावकीय संलग्नता नीतिका मूलभूत कुराहरूलाई कसरी कार्यान्वयनमा ल्याउँछ भन्ने कुरा सम्बन्धी विवरण**

**DEKALB काउन्टी स्कूल डिस्ट्रिक्ट**

**दूरदृष्टि**

हाम्रो विद्यार्थी समुदायलाई शैक्षिक उत्कृष्टता हासिल गर्न उत्प्रेरित गर्ने

**उद्देश्य**

विद्यार्थीलाई उच्च शिक्षा, रोजगारी, र आजीवन शिक्षा तर्फ अग्रसर गराउँदै उनीहरूको सफलता सुनिश्चित गर्ने

**नारा**

उत्प्रेरणा, सफलता र उत्कृष्टता

---

**लक्ष्यको क्षेत्र I: विद्यार्थीहरूको समानता र पहुँच सहितको सफलता विद्यार्थीका शैक्षिक स्तरको आधिक्य सुधार ल्याउने**

DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले Georgia Milestones Literature End of Grade (EOG) मूल्याङ्कनमा विकाशील शिक्षार्थीको स्तरमा वा सोभन्दा बढी अंक ल्याउने विद्यार्थीको प्रतिशतमा वृद्धि ल्याउनेछ।

DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले Georgia Milestones Math End of Grade (EOG) मूल्याङ्कनमा विकाशील शिक्षार्थीको स्तरमा वा सोभन्दा बढी अंक ल्याउने विद्यार्थीको प्रतिशतमा वृद्धि ल्याउनेछ।

**सामूहिक रूपमा योजनाको विकास**

**<u>DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट</u>**ले धारा 1112 अन्तर्गतको आफ्ना LEA को अभिभावकीय संलग्नताको योजना र ESEA को धारा 1116 अन्तर्गतको स्कूलको समीक्षा र सुधार प्रक्रियाको संयुक्त विकासमा अभिभावकलाई संलग्न गराउन निम्न कदमहरू चाल्नेछ:

अभिभावकहरूलाई डिस्ट्रिक्टको अभिभावकीय संलग्नता नीति, CLIP र Title I को स्कूल-स्तरीय/लक्षित सहायता योजनाको विकास र समीक्षामा निम्न माध्यमबाट सहभागी हुने अवसर प्रदान गर्नेछ:

- शीर्षक I का सरोकारवालाहरूको (पहिले पूर्व-योजना भनिने) बैठक।
- आवश्यकताहरूको वृस्तृत मूल्याङ्कन (CNA) बैठक
- वेबसाइट र विभिन्न सञ्चार माध्यमहरूबाट अभिभावकहरूसँग सञ्चार।

**प्राविधिक सहायता**

**<u>DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट</u>**ले विद्यार्थीको शैक्षिक सफलता र स्कूलको प्रदर्शनमा सुधार ल्याउन आयोजना गरिने अभिभावक तथा परिवार संलग्नताका गतिविधिहरूको प्रावकारी योजना र कार्यान्वयनमा Title I, Part A सहायता प्राप्त गर्ने सबै स्कूलहरूलाई निम्न समन्वय, प्राविधिक सहायता, र त्यसमा सघाउन तथा क्षमता विकासका लागि आवश्यक पर्ने अन्य सहायताहरू प्रदान गर्नेछ; जसमा शिक्षामा अभिभावक तथा परिवारका सदस्यहरूलाई प्रभावकारी ढङ्गले संलग्न गराउने विशेषज्ञता प्राप्त गरेका रोजगारदाता, व्यवसायिक अगुवा, तथा परोपकारी संस्था वा व्यक्तिहरूसँग सार्थक परामर्श गर्ने कुराहरू पनि पर्न सक्छन्:
:

DCSD ले Title I सहायता प्राप्त गर्ने आफ्ना सबै स्कूलहरूलाई स्कूलका अभिभावकीय संलग्नता योजना, स्कूल-अभिभावक बीचका सम्झौता, र Title I का अभिभावकीय संलग्नता सम्बन्धी सबै मापदण्डहरू लगायत अभिभावकीय संलग्नता सम्बन्धी अभ्यासहरूको प्रभावकारी योजना बानउन र कार्यान्वयन गर्नमा निम्न माध्यमबाट सघाउनुका साथै प्राविधिक सहायता प्रदान गर्नेछ, जस्तै:

- अभिभावकीय संलग्नताको लागि केन्द्रिय कार्यालयको सहायता – (Title I निर्देशक, सहायक निर्देशक, OFP समन्वयकहरू, अभिभावकका लागि डिस्ट्रिक्ट-स्तरीय सम्पर्क केन्द्रहरू र प्रशासनिक सहयोग)।
- अभिभावकीय संलग्नता/सहभागितालाई सहायता प्रदान गर्ने पाँच (5) वटा डिस्ट्रिक्ट-स्तरीय अभिभावक केन्द्रहरू।
- स्कूलहरूको खर्चमा स्थानीय अभिभावक केन्द्रहरू---स्कूल स्तरीय अभिभावक सम्पर्क केन्द्रहरू।
- Title I का लागि प्राविधिक सहायता र कार्य सत्रहरू।

Title I को अनुपालन तथा निर्देशन सम्बन्धी प्रधानाध्यापको शिखर सम्मेलन (शैक्षिक शिविर)

- Title I सम्बन्धी अद्यावधिकहरू आदान-प्रदान गर्न Title I सम्बन्धी प्रधानाध्यापकका बैठकहरूमा सहभागीता

**वार्षिक मूल्याङ्कन**

**<u>DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट</u>**ले आमाबुवा र परिवारको सार्थक संलग्नतामा यसको Title I, Part A सहायता प्राप्त स्कूलहरूको शैक्षिक गुणस्तरको सुधारमा अभिभावक तथा परिवारको संलग्नता सम्बन्धी नीतिको विषय-वस्तु र प्रभावकारीताको वार्षिक मूल्याङ्कन कार्यक्रम सञ्चालन गर्न लागि निम्न कार्यहरू गर्नेछ। यस मूल्याङ्कनमा यस्ता गतिविधिहरूमा अभिभावकको उल्लेखनीय सहभागीतालाई रोक्ने कुराहरूको पहिचान गरिनेछ (विशेषगरी आर्थिक रूपमा पछि परेका, अपाङ्ग, सीमित अंग्रेजी निपुणता भएका, सीमित साक्षरता भएका, वा कुनैपनि जाती वा अल्पसंख्यक जातीय पृष्ठभूमिका अभिभावकहरूलाई ध्यान दिइनेछ)। यस मूल्याङ्कनमा स्कूलका कर्मचारी र शिक्षकहरूसँग मिलेर आफ्ना बालबालिकाहरूको सिकाईमा सहयोग गर्नका लागि अभिभावक तथा परिवारका सदस्यहरूलाई आवश्यक पर्ने कुराहरू र स्कूल र परिवार बीचको सफल अन्तर्क्रियालाई सघाउने खालका रणनीतिहरूको पहिचान पनि गरिनेछ। स्कूल डिस्ट्रिक्टले अभिभावक तथा परिवार संलग्नता सम्बन्धी नीतिको मूल्याङ्कनबाट निस्केका

निष्कर्षहरूलाई अझ प्रभावकारी अभिभावकीय संलग्नताका लागि प्रमाणमा आधारित रणनीतिहरू तैयार पार्न, तथा आवश्यक भएमा, अभिभावक तथा परिवार संलग्नता सम्बन्धी नीतिहरूको संशोधन गर्नका लागि प्रयोग गर्नेछ।

Title I कार्यक्रमको DCSD ले गर्ने मूल्याङ्कन निम्न लगायत तर यतिमा मात्र सीमित नभएर विभिन्न रणनीतिहरूको प्रयोग गरेर गरिनेछ जस्तै:

- पाठ्यक्रम, शिक्षा, तथा पेशागत सिकाईका कार्यकारी निर्देशक र संघीय कार्यक्रमहरूको कार्यालयले गरेको आर्थिक सहायता र कार्यक्रमको मूल्याङ्कनको प्रयोग गरेर।
- डिस्ट्रिक्ट स्तरीय सर्वेक्षणबाट प्राप्त अभिभावकहरूको प्रतिक्रियाको प्रयोग गरेर।
- पूर्व-योजनाको दौरान डिस्ट्रिक्ट तथा स्कूल - स्तरीय बैठकहरूमा अभिभावकहरूसँग मागिएका सल्लाह सुझाहरूको प्रतिक्रिया प्रयोग गरेर
  डिस्ट्रिक्ट स्तरीय सर्वेक्षणबाट प्राप्त अभिभावकहरूको प्रतिक्रिया प्रयोग गरेर।

**आर्थिक सहायताहरूको आरक्षण**

**<u>DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट</u>**ले अभिभावक तथा परिवारको संलग्नताको लागि Title I, Part A को कोषबाट आरक्षित गरिएको 1 प्रतिशत रकम कसरी उपयोग गर्ने भन्ने निर्णयहरू गर्न Title I, Part A सहायता प्राप्त स्कूलहरूका बालबालिकाका अभिभावक तथा परिवारका सदस्यहरूलाई सहभागी गराउनेछ र आरक्षित 1 प्रतिशत रकमको कम्तीमा पनि 90 प्रतिशत रकम सिधै Title I सहायता प्राप्त स्कूलहरूलाई जानेछ भनी सुनिश्चित गर्नेछ।

DCSD ले Title I कोषको आरक्षित बजेट रकम निम्न लगायतका विभिन्न कुराहरूमा खर्च गर्नेछ:

**तलब**

डिस्ट्रिक्टका अभिभावक सहजकर्ताहरू

**आवश्यक सामग्री/*स्रोतहरू***

डिस्ट्रिक्ट- स्तरीय अभिभावक केन्द्रहरू
डिस्ट्रिक्ट- स्तरीय अभिभावक कार्यशालाहरू
Title I को अनुपालन तथा निर्देशन सम्बन्धी प्रधानाध्यापको शिखर सम्मेलन

**सञ्चार**

Title I सम्बन्धी अभिभावकसँगको सञ्चार तथा कागजातहरूलाई मुख्य 10 भाषामा अनुवाद
डिस्ट्रिक्टका अभिभावक बैठकहरूमा प्रयोग गरिने अनुवादकहरू (CLIP, अभिभावक संलग्नता सम्बन्धी नीति)

**अन्य**

Title I सम्बन्धी डिस्ट्रिक्ट स्तरीय अभिभावक सम्मेलन
अभिभावक सहजकर्ताको यात्रा खर्च तथा भत्ताको भरपाई

DCSD ले अभिभावकहरूलाई सहभागी भई सल्लाह सुझावहरू दिने अवसरहरू प्रदान गर्नेछ (निम्न कार्यक्रमहरूका दौरान Title I कोषको आरक्षित रकम प्रयोग गर्ने सम्बन्धमा सिफारिस/सुझावहरू:

- Title I को पूर्व-योजना सम्बन्धी डिस्ट्रिक्टका बैठकहरू
- Title I सम्बन्धी स्कूल स्तरीय समुदायिक बैठकहरू
- डिस्ट्रिक्टका अभिभावकलाई दिइने कार्यशाला गोष्टी/प्रशिक्षणहरू

**सेवाहरूका बीचमा समन्वय**

**DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट**ले अभिभावक तथा परिवारको संलग्नता सम्बन्धी रणनीतिहरूलाई सम्भव तथा उपयुक्त भएसम्म अन्य संघीय, राज्य, तथा स्थानीय कानुन तथा कार्यक्रमहरूसँग समन्वय गरी एकीकृत रूपमा अगाडि बढाउनेछ जसले अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूको शिक्षामा थप जोडदार रूपमा सहभागी हुन प्रोत्साहित तथा समर्थन गर्नेछ:

1. संघीय कार्यक्रमको कार्यालय (OFP) बाट प्राप्त हुने सहायता प्रदान गर्ने।
2. अभिभावकहरूलाई पाँचवटा क्षेत्रीय र छत्तीसवटा स्कूल-स्तरीय अभिभावक केन्द्रहरूमा पहुँच प्रदान गर्ने।
3. समुदाय, अभिभावक तथा सरोकारवालाहरूका आवश्यकता पूरा गर्न क्षेत्रीय केन्द्रहरूमा हप्तामा एक दिन बढी समयसम्म काम गर्ने।

**अभिभावकहरूको क्षमता अभिवृद्धि**

**DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट**ले अभिभावकहरूलाई आफ्नो बच्चाको शैक्षिक उपलब्धि सुधार्न उनीहरूसँग मिलेर काम गर्न मद्दत गर्नका लागि Title I अन्तर्गतका स्कूलहरूको सहायताले (प्रतिलिपि अधिकारद्वारा सुरक्षित सामग्री चोरी गर्नाले हुने हानिको बारेमा शिक्षा सहित) साक्षरता प्रशिक्षण तथा प्रविधिको प्रयोग जस्ता विषयहरूसँग सम्बन्धित सामग्री तथा प्रशिक्षण प्रदान गरेर अभिभावकहरूको क्षमता अभिवृद्धि गर्नेछ। अभिभावकहरूलाई निम्नलिखित विषयहरू बुझ्नको लागि पनि सहायता प्रदान गरिनेछ:

- राज्यका चुनौतीपूर्ण शैक्षिक मापदण्डहरू
- वैकल्पिक मूल्याङ्कनहरू सहित राज्य स्तरीय तथा स्थानीय शैक्षिक मूल्याङ्कनहरू
- Title I, Part A का मापदण्डहरू
- आफ्नो बच्चाको प्रगतिको निगरानी गर्ने तरिका
- शिक्षाकर्मीहरूसँग मिलेर काम गर्ने तरिका

अभिभावकहरूलाई आफ्नो बच्चाको शैक्षिक सफलतामा मद्दत गर्ने कार्यमा सहायता गर्न कार्यशाला/कार्यक्रम, कक्षा र संसाधनहरूको व्यवस्था मिलाइनेछ, जसमा निम्नलिखित कुराहरू पर्दछन् तर यतिमै सीमित छैनन्:

1. Title I अभिभावकीय संलग्नता सम्मेलनहरू (डिस्ट्रिक्ट स्तरीय तथा क्षेत्रीय)।
2. एकीकृत LEA सुधार योजना (CLIP) (वार्षिक)।
3. Title I अभिभावकीय संलग्नता नीति सम्बन्धी बैठक (वार्षिक)।
4. अभिभावकका लागि कार्यशाला गोष्ठीहरू (उदाहरणका लागि, Georgia Milestone, Infinite Campus, आदि)
5. डिस्ट्रिक्ट स्तरीय Title I अभिभावक सम्मेलन।

**स्कूलका कर्मचारीहरूको क्षमता अभिवृद्धि**

**DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट**ले निम्नलिखित तरिकाले यसका स्कूल र विद्यार्थीका अभिभावकहरूको सहायताले आफ्ना शिक्षक, विशेष शिक्षण सहायक कर्मचारी, प्रधानाध्यापक र स्कूलका अन्य अगुवा तथा कर्मचारीहरूलाई अभिभावकहरूको योगदानको महत्त्व एवम् उपयोगिता, र अभिभावकहरूसँग कसरी सम्पर्क, सञ्चार र समान साझेदारको रूपमा सहकार्य गर्ने, अभिभावक सम्बन्धी कार्यक्रमहरू कसरी कार्यान्वयन तथा समन्वय गर्ने र अभिभावक र स्कूलको बीचमा कसरी सम्बन्ध बनाउने भन्ने बारेमा प्रशिक्षण दिनेछ:

डिस्ट्रिक्ट र/वा स्कूलहरूले बैठक, कार्यशाला, प्रशिक्षण, वेबिनार र अभिभावकहरूसँग समान साझेदारको रूपमा सहकार्य गर्न प्रयोग गरिने निम्नलिखित स्रोतसाधनहरूको माध्यमबाट क्षमता अभिवृद्धि गर्नेछन्:

1. स्कूलका प्रशासक/प्राधानाध्यापक र/वा नियुक्त कर्मचारीको मासिक बैठकहरू आयोजना गर्ने।
2. Title I आर्थिक सहायता प्राप्त कर्मचारीहरूका लागि व्यावसायिक सिकाई।
3. Title I को अनुपालन तथा शिक्षा सम्बन्धी प्रधानाध्यापको शिखर सम्मेलन।

डिस्ट्रिक्ट र स्कूलहरूले अभिभावकहरूलाई स्कूल तथा अभिभावकको कार्यक्रम, बैठक र अन्य गतिविधिहरूको बारेमा सम्भव भएको व्यावहारिक हदसम्म उचित ढाँचा र उनीहरूले बुझ्ने भाषामा जानकारी प्रदान गर्नेछन्।

**संलग्नताको लागि क्षमता अभिवृद्धि**

- ☐ शिक्षक, प्रधानाध्यापक र अन्य शिक्षाकर्मीहरूको प्रशिक्षणको प्रभावकारीता सुधार्न उक्त प्रशिक्षणको विकासमा अभिभावकहरूलाई संलग्न गर्ने
- ☐ यदि स्कूल डिस्ट्रिक्टले उक्त प्रशिक्षणको लागि उपलब्ध अन्य सबै वित्तीय स्रोतहरूको प्रयोग गरिसकेको छ भने Title I, Part A कोषको सहायताले अभिभावकहरूलाई आवश्यक साक्षरता प्रशिक्षण प्रदान गर्ने
- ☐ अभिभावकहरूलाई स्कूलसँग सम्बन्धित बैठक तथा प्रशिक्षण सत्रहरूमा भाग लिन सहयोग गर्न यातायात र बाल स्याहारका खर्चहरू सहित अभिभावकीय संलग्नतासँग सम्बन्धित उचित तथा आवश्यक खर्चहरू तिर्ने
- ☐ अन्य अभिभावकहरूको संलग्नता बढाउन अभिभावकहरूलाई प्रशिक्षण दिने
- ☐ बच्चाको शिक्षामा अभिभावकीय संलग्नता तथा सहभागिता बढाउँदै लाने, विभिन्न समयमा स्कूल बैठकहरू आयोजना गर्ने वा सहभागी बालबालिकासँग प्रत्यक्ष काम गर्ने शिक्षक वा अन्य शिक्षाकर्मी र ती सम्मेलनहरूमा उपस्थित हुन नसकेका अभिभावकहरूका लागि घरबाटै सम्मेलनमा भाग लिने व्यवस्था मिलाउने
- ☐ अभिभावकीय संलग्नता सुधार्न नमूना अवधारणाहरू अपनाउने तथा कार्यान्वयन गर्ने
- ☐ Title I, Part A कार्यक्रमहरूमा अभिभावकीय संलग्नतासँग सम्बन्धित सम्पूर्ण विषयहरूमा सल्लाह सुझाव प्रदान गर्नका लागि डिस्ट्रिक्टव्यापी अभिभावक सल्लाहकार समिति गठन गर्ने
- ☐ अभिभावकीय संलग्नतासँग सम्बन्धित गतिविधिहरूमा धार्मिक संस्थाहरू सहित समुदायमा रहेका संस्था र व्यावसायहरूका लागि उचित भूमिकाहरूको विकास गर्ने

**अंगीकरण**

यो LEA अभिभावकीय संलग्नता नीति Title I, Part A कार्यक्रमहरूमा सहभागी बालबालिकाका अभिभावकहरूसँग मिलेर उनीहरूको सहमतिमा तयार पारिएको हो, जुन कुरा Title I सरोकारवालाहरूको बैठक, विस्तृत आवश्यकता मूल्याङ्कन बैठक र स्कूल/डिस्ट्रिक्टको वेबसाइट र विभिन्न सञ्चार माध्यमहरू मार्फत अभिभावकसँग गरिएको सूचना आदान-प्रदानले साबित गर्दछ।

यो नीति/योजना सुरूमा जुलाई 13, 2017 मा अभिभावक र सरोकारवालाहरूको सुझाव लिनका लागि वितरण गरिएको थियो। अभिभावकबाट प्राप्त प्रतिक्रियाको आधारमा यसलाई जुलाई 31, 2017 मा संशोधन गरी अगस्ट 07, 2017 मा फेरि वितरण गरिएको थियो र GaDOE CLIP का सिफारिसहरू अनुसार अद्यावधिक गरिएपछि **09/20/17** मा DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले यसलाई लागू गरेको थियो। यो नीति अगस्ट 2017 देखि अगस्ट 2018 सम्म लागू हुनेछ। स्कूल डिस्ट्रिक्टले यो नीति Title I, Part A का सहभागी बालबालिकाहरूका सबै अभिभावकहरूलाई सोमवार, अक्टोबर 30, 2017 वा सो अगाडि नै वितरण गरिनेछ।